राजापुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
राजापुर, बर्दिया
**लुम्बिनी प्रदेश, नेपाल**

(९७७) ०८४-४६०१११
(९७७) ०८४-४६०१६७
C3HR+MQ Rajapur

## कवाडीजन्य सामाग्री संकलन, विक्री तथा निकासी शुल्क संकलन सम्बन्धी सिलबन्दी ठेक्का टेण्डर आह्वानको सूचना !

प्रथम पटक प्रकाशित मिति २०८०/०५/३० गते

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम आ.ब.२०८०/८१ को लागि यस राजापुर नगरपालिकाको क्षेत्राधिकार भित्रका कवाडीजन्य सामाग्री संकलन, विक्री तथा निकासी शुल्क संकलन गर्नुपर्ने भएकाले तोकिएको न्यूनतम अंकमा नघट्ने गरि नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनीहरु वा नेपाली नागरिकहरुले यस कार्यालयवाट ठेक्का टेण्डर फारम खरिद गरि रितपूर्वक पेश गर्न ठेक्का टेण्डर आह्वान गरिएको छ।

शर्तहरुः

१. यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८०/०६/०५ गते) भित्र कार्यालय समय भित्र नेपाल बैंक लि, राजापुर शाखामा रहेको यस कार्यलयको ग.१.१ आन्तरिक राजश्व खाता ०२८०३०००००१००१००००००१ मा रु.१,००० । - (अक्षरुपी एक हजार रुपैया मात्र) जम्मा गरेको सक्कल भौचर यस कार्यालयमा पेश गरि ठेक्का टेण्डर फाराम प्राप्त गर्न सकिने छ।

२. टेण्डर फाराम खरिद गर्दा चालु आ.व. का लागी मान्यता प्राप्त भएको फर्म वा कम्पनीले भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी साथै आ.व.२०७८/०७९ को कर चुक्ता विवरणको प्रतिलिपी संलग्न राखि निवेदन पेश गर्नुपर्ने छ। व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।

३. सूचना प्रकाशित भएको ८ औं दिन दिनको ठिक १२:०० बजे भित्र रितपूर्वक ठेक्का टेण्डर यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

४. रितपूर्वक कार्यालयमा दर्ता भएका सिलवन्दी टेण्डरहरु सूचना प्रकाशित भएको ८ औं दिन दिनको २:०० बजे फर्म वा कम्पनीको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। फर्म वा कम्पनीको प्रतिनिधीहरु उपस्थित नभएमा पनि सिलबन्दी टेण्डर खोल्न वाधा पर्ने छैन। ठेक्का टेण्डर खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा लगत्तै पछि कार्यालय खुलेको दिनमा हुनेछ।

५. टेण्डर फाराम भर्दा सवै विवरण खुलाई केरमेट नगरि कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

६. ठेक्का टेण्डरसाथ कवोल गरेको जम्मा अंक (भ्याट समेत) को ५ प्रतिशतले हुन आउने जमानत वापतको रकम नेपाल बैंक लि, राजापुर शाखामा रहेको यस कार्यलयको ग.३ धरौटी खाता ०२८०३००००००३०००००००००१ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको नियमानुसारको बैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ।

७. रित नपुगेको वा कुनै शर्त राखिएका सिलवन्दी ठेक्का टेण्डरहरु स्वीकृत गरिने छैन।

८. सिलबन्दी ठेक्का टेण्डर स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. यस सम्बन्धमा अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुने छ।

१०. अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं. ०८४-४६०१११ मा सम्पक गर्न सकिनेछ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम अंक रु. (भ्याट बाहेक) | ठेक्का टेण्डर फारम दस्तुर |
|---|---|---|---|---|
| १ | ०४/२०८०/०८१ | नगरपालिका क्षेत्रभित्र कवाडीजन्य सामान संकलन, विक्री तथा निकासी शुल्क संकलन | ४०,०००/- | १,०००/- |

बसन्त मल्ल
नि. प्रमुख प्रशासकीय अधिकृत